आज मिति २०७८।०१।२६ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको अध्यक्षतामा COVID-19 रोकथाम तथा नियन्त्रण सम्वन्धी District Covid-19 Crisis Management Centre (DCCMC) को बैठक तपशिलको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो:

सल्लाहकार समूहः

१. श्री सन्तमान तामाङ , प्रमुख, जिल्ला समन्वय समिति नुवाकोट
२. श्री सज्जु पण्डित, प्रमुख, विदुर नगरपालिका

उपस्थितिः

| | | |
|---|---|---|
| १. श्री जीवन प्रसाद दुलाल, | प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. श्री मोहन प्रसाद मरासिनी, जिल्ला समन्वय अधिकारी | | सदस्य |
| ३. प्र.से.श्री उदय बहादुर लामिछाने , श्री जवरजंग गण | | सदस्य |
| ४. प्र.उ.श्री तुल बहादुर कार्की, जिल्ला प्रहरी कार्यालय | | सदस्य |
| ५. स.प्र.ना.उ. श्री मदन ढुंगाना, स.प्र.बल नेपाल १९ नं गुल्म | | सदस्य |
| ६. प्र.अ.अ. श्री हेमन्त चौधरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | | सदस्य |
| ७. श्री सागर प्रसाद घिमिरे, व.जनस्वास्थ्य प्रशासक, स्वास्थ्य कार्यालय | | सदस्य |
| ८. डा. दिपेन्द्र पाण्डे, मे.सु. त्रिशूली अस्पताल | | सदस्य |
| ९. श्री वेद प्रसाद अर्याल, स. प्रमुख जिल्ला अधिकारी, | | सदस्य |

आमन्त्रितः

१. प्रमुख सेनानी श्री बाल मुकुन्द विष्ट, नं १ तालिम गण त्रिशूली
२. तारा बहादुर कार्की, उद्योग वाणिज्य संघ, नुवाकोट

एजेण्डाहरु

- समीक्षा
- कोभिड १९ को रोकथाम तथा नियन्त्रण
- विविध

र्णय

१. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको पछिल्लो निर्णयको कार्यान्वयनको समीक्षा गरियो। हालसम्म जिल्लाको कोभिड-१९ सम्वन्धी समग्र अवस्था निम्न अनुसार रहेको पाइयो ।

(क) हाल जिल्लामा सक्रिय संक्रमित संख्या ५०७ रहेको , त्रिशुली अस्पतालमा भएको आइसोलेसन वेड संख्या ४०, स्थानीय तहहरुद्वारा निर्मित आइसोलेसन सेन्टरहरुमा भएको वेड संख्या ११५, अस्पताल आइसोलेसनमा भएको संक्रमितको संख्या २६, आइसोलेसन सेन्टरमा भएको संक्रमितको संख्या ५ र होम

आइसोलेसनमा रहेको संख्या ४०२ भएको। गत २४ घण्टाको एन्टिजेन परीक्षण संख्या २० भएको जसमध्ये पोजिटिभ केस ६ रहेको। त्रिशूली अस्पतामा आई.सी.यू. वेड संख्या ६ र एच.डी.यू. वेड संख्या ४ रहेको ।

२. गृह मन्त्रालय च.नं. ३१५४ मिति २०७८।१।२० पत्रानुसार देहाय बमोजिम गर्ने गराउने ।

(क) जिल्लामा भएका अक्सिजन प्लान्टको हरुको विवरण लिई उत्पादन सुचारु भए/नभएको एकिन गरी मर्मत संचालन गर्न सकिने भएमा सो समेत गरी/गर्न लगाई सुचारु गर्न/गराउन उच्च प्राथमिकताका साथ सम्बन्धित स्थानीय तह र जिल्ला प्रहरी कार्यालय मार्फत आवश्यक सहजिकरण गर्ने ।

(ख) अस्पताल प्रयोजन बाहेकका अक्सिजन सिलिण्डरको लगत लिई विभिन्न उद्योग तथा बिद्युत आयोजनाहरुमा स्टकका रुपमा रहे/नरहेको यकिन गरी अन्यत्र प्रयोग भएको पाइएमा अक्सिजन सिलिन्डरहरु जिल्ला प्रहरी कार्यालय मार्फत जिल्ला स्थित अस्पतालमा पठाउने व्यवस्था मिलाउने ।

(ग) जिल्ला स्थित अक्सिजन प्लान्टहरुबाट भएको उत्पादन, वितरण व्यवस्था तथा अस्पतालमा अक्सिजनको उपलव्धताको विषयमा स्थलगत निरीक्षण गरी जिल्ला प्रहरी कार्यालय नुवाकोटले जिल्ला प्रशासन कार्यालयमा दैनिक प्रतिवेदन गर्ने ।

३. कोभिड १९ को दोश्रो लहरको नियन्त्रणका लागि थप प्रभावकारी ढंगबाट स्थानीय तह, स्वास्थ्य सेवा प्रदायक, सुरक्षा निकायको परिचालन तथा समन्वयको आवश्यकता महशुस गरी सम्पुर्ण निकायहरुले आफ्नो श्रोत र साधनको समन्वयात्मक ढंगले परिचालन गर्ने ।

४. कोभिड-१९ संक्रमण रोकथाम नियन्त्रण तथा उपचार समेतका कार्यहरुका लागि स्थानीय वडा एवं टोल समितिहरुको भूमिका प्रभावकारी हुने भएकोले यस अघि गठन भएको Dedicated Team तथा कोरोना रोकथाम समूह (CPG) मार्फत कोभिड-१९ जनचेतना जगाउने कार्य तथा थप प्रभावकारी रुपमा संचालन गर्ने साथै स्वास्थ्य सुरक्षा मापदण्डको पालन गरे/नगरेको अनुगमन गर्ने र अत्यावश्यक वस्तु तथा सेवा सम्बंन्धी पसलहरुमा संचालन अनुमतिको समयमा भीडभाड हुन नदिने व्यवस्था मिलाउने।

५. यस जिल्लामा पुनः सञ्चालन ल्याइएका आइसोलेसन सेन्टरहरुमा अक्सिजन सपोर्टको व्यवस्था गर्ने साथै आवस्यकता अनुरुप अक्सिजनको आपूर्तिको व्यवस्था सबै स्थानीय तहले मिलाउने।

६. कोभिड-१९ को महामारीको हालको अवस्थामा निषेधाज्ञा लागू भएको अवस्था बजारमा संचालन अनुमति प्राप्त अत्यावश्यक बस्तु, औषधि लगायतका पसल तथा व्यवसायहरुले कृत्रिम अभाव सृजना, जथाभावी मूल्य असुली गर्न सक्ने अवस्था रहने भएकाले त्यस्तो भएको पाइएमा सम्बन्धित व्यक्ति वा व्यवसायलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने। सोको अनुगमन स्थानीय तह र जिल्ला प्रशासन कार्यालय मार्फत गर्ने ।

७. जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम रोकथाम तथा न्यूनीकरणकामा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतलाई आवश्यक पर्ने मास्क, स्यानिटाजर, फेस शिल्ड लगायतका स्वास्थ्य सुरक्षा सामग्रीको व्यवस्थापन स्थानीय तह मार्फत गर्ने।

८. जिल्लामा कोभिड-१९ को नयाँ भेरियन्टको संक्रमणको जोखिम न्यूनीकरण तथा रोकथाम गर्न बेलकोटगढी नगरपालिकाको च.नं.१७०१ मिति २०७८।०१।२३ गतेको पत्रद्वारा अनुरोध भई आए बमोजिम बेलकोटगढी नगरपालिका वडा नं. ५ कोल्फुटारस्थित जिल्ला नाकामा सिस-डोल, कुमरी, झिल्टुङ्ग, दुईपिपल, धादिङ्ग तथा तारुकाबाट आउने बाटोलाई समेत कभर गर्ने गरी सशस्त्र प्रहरी बल, नेपाल नं. १९. गुल्मको सुरक्षा टोली अस्थायी

रुपमा परिचालन गर्न सिफारिस गर्ने तथा उक्त टोलीको अस्थायी बसोबासको लागि आवश्यक साधन स्रोतको व्यवस्थापन गर्न बेलकोटगढी नगरपालिका तथा सम्बन्धित वडा कार्यालयलाई अनुरोध गर्ने।

९. जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७८।१।१९ गतेको निर्णयानुसार मिति २०७८।१।२१ गते देखि ७ दिनका लागि लागू भएको निषेध आदेश प्रभावकारी रुपले कार्यान्वयन भएको पाइयो। आगामी दिनमा कोभिड-१९ को चेन ब्रेक गर्नको लागि सो निषेध आदेशलाई थप प्रभावकारी बनाई कडाइ गर्नु पर्ने देखिएकोले जिल्लावासीबाट पूर्ण कार्यान्वायनको अपेक्षा सहित २०७८।१।२७ गते राती १२ बजे देखि २०७८।२।३ गते राती १२ बजे सम्म निषेध आदेशको समय थप गर्न सिफारिस गर्ने।